"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

मितिः २०७७।०१।२२

श्रममा आधारित रोजगार कार्यक्रममा सहभागी हुनेबारे

## महालक्ष्मी नगरपालिकाको सूचना

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणले मुलुक लकडाउन (बन्दाबन्दी)को अवस्थामा रहेको छ।

लकडाउनका कारण दैनिक तथा ज्यालादारी मजदुरलाई सबैभन्दा बढी समस्या पैदा भएको छ । नगरपालिकाले कोही पनि नागरिकलाई भोकै बस्नुपर्ने अवस्था आउन नदिने प्रतिबद्धता जनाइसकेको नगरबासी दिदीबहिनी तथा दाजुभाइहरुलाई जानकारी नै छ। नगरपालिकाले वडा कार्यालयमार्फत श्रमिक वर्ग, दैनिक तथा ज्यालादारी मजदुरलाई राहत वितरण गरिसकेको छ।

कोरोना भाइरसको संक्रमण जोखिमबाट सचेतना अपनाउँदै नगरपालिकाले सार्वजनिक विकास निर्माणमा दैनिक तथा ज्यालादारी मजदुरहरुलाई श्रमसँग जोड्ने योजना बनाएको छ। असहज परिस्थितिमा मजदुर वर्गलाई आवश्यक खर्च व्यवस्थापन गर्न सहज होस् भन्ने अभिप्रायले नगरपालिकाले सुरु गर्न लागेको न्यूनतम रोजगारको कार्यक्रममा सहभागी हुन अपिल गर्दछु।

आशा छ, न्यूनतम रोजगार कार्यक्रममा सहभागी भएर नगरको सार्वजनिक विकास निर्माणमा योगदान दिनुहुनेछ । दुई महिना अघि देखि यस नगरपालिका क्षेत्रभित्र श्रमिकको रुपमा बसोवास गरिरहेका बेरोजगार तथा मजदुर वर्गलाई वडा कार्यालयमा सम्पर्क गरेर श्रममा आधारित रोजगार कार्यक्रममा सहभागी हुन हार्दिक अपिल गर्दछु।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

*Unite to fight against Corona Virus COVID-19*

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np